# आमचोक राजपत्र

## आमचोक सरकारद्वारा प्रकाशित

## खण्ड ४ संख्या १५, मिति ३१ चैत्र २०७७

### भाग २

### आमचोक गाउँपालिका

## आमचोक गाउँपालिकाको "सुरक्षित आवासगृह (Safe House) संचालन कार्यविधि, २०७७"

स्वीकृत मितिः२०७७/१२/३१

**प्रस्ताबना :** स्थानीय सरकार संचालन ऐन, २०७४ अन्तर्गत मुद्धामा न्याय माग्न आउने, जोखीममा परेका महिला तथा किशोरीहरु र बालबालिकालाई आवश्यकता परेको अवस्थामा सुरक्षित आवासगृह (**Safe House**) मा राखी त्यस्तो आवास गृहलाई ब्यवस्थित ढंगले संचालन गर्ने उद्देश्यले आमचोक गाउँकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम यो कार्यविधि बनाएको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः (१)** कार्यविधिको नाम "सुरक्षित आवासगृह (Safe House) संचालन कार्यविधि, २०७७" हुनेछ।

(२) यो कार्यविधि आमचोक गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृती भए पश्चात तुरुन्त लागू हुनेछ।

**२. परिभाषा** : यस कार्यवधिमा विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

(क) **"सुरक्षित आवासगृह"** (Safe House) भन्नाले महिला, किशोरी वा बालबालिकालाई सुरक्षित एवं ब्यवस्थित ढंगले राख्न यो कार्यविधि बमोजिम तोकिएको घर कम्पाउण्डलाई सम्झनु पर्दछ।

(ख) **"अध्यक्ष"** भन्नाले आमचोक गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) **"उपाध्यक्ष"** भन्नाले आमचोक गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले आमचोक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ङ) **"समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिलाई जनाउँछ।

(च) **"महिला, किशोरी वा बालबालिका"** भन्नाले हिंसा पिडीत भएका असहाय महिला किशोरी र बालबालिकाको हकमा १८ वर्ष उमेर सम्मकालाई जनाउँछ।

(छ) **"संचालन"** भन्नाले यो कार्यविधि बमोजिम संचालन हुने सुरक्षित आवास गृह (Safe House) लाई जनाउँछ।

(ज) **"कार्यालय"** भन्नाले गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

## परिच्छेद—२
## समिति गठन

**३. ब्यवस्थापन समितिः**– असुरक्षित महसुस गरी न्याय माग्न आउने महिला, किशोरी र बालबालिकाहरुलाई सुरक्षित आवासगृहमा सुरक्षित ढंगले तोकिएको समय सम्म राख्न र तत् सम्वन्धी आवश्यक ब्यवस्था गर्न एक ब्यवस्थापन समिति देहाय बमोजिम गठन गरिने छ।

१) संयोजक- गाउँपालिकाको उपाध्यक्ष वा उपाध्यक्षले तोकेको व्याक्ति
२) सदस्य- सुरक्षित आवासगृह (Safe House) संचालन हुने वडाको वडा अध्यक्ष
३) सदस्य- न्यायिक समितिका महिला प्रतिनिधी १ जना
४) सदस्य- स्वास्थ्य शाखाको प्रमुख
५) सदस्य- ईलाका प्रहरी कार्यालयका प्रमुख
६) सदस्य- आवासगृह संचालन गर्ने संस्थाका अध्यक्ष
७) सदस्य- महिला तथा बालबालीकाका क्षेत्रमा काम गर्ने गै.स.स. प्रमुख वा प्रतिनिधी १ जना
८) सदस्य- जग्गादाताहरु मध्ये बाट १ जना
९) सदस्य सचिव- गाउँ कार्यपालिकाको महिला तथा बालबालीका शाखा प्रमूख

**४.ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार** : सुरक्षित आवासगृह ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ :

(१) न्यायिक समिति, प्रहरी कार्यालय र सरोकारवाला निकायबाट जोखिममा रहेका, हिंसा पिडीत महिला, किशोरी र बालबालिकाहरु पहिचान गरी आवास गृहमा राख्ने ब्यवस्था गर्ने।

(२) सुरक्षित आवास गृह सञ्चालन व्याबस्थापनका लागि प्राप्त भएको रकम र कार्य प्रगतीको प्रतिवेदन प्रत्येक चार चार महिनामा गाउँपालिको कार्यालयमा पेश गर्ने।

(३) सुरक्षित आवास गृहको सुरक्षा ब्यवस्थाको अनुगमन नियमन कार्य गर्ने।

(४) महिला, किशोरी र बालबालिकाको स्वास्थ्य सुरक्षा र कानूनी सहायता सम्वन्धी कार्य गर्ने।

(५) महिला र  किशोरी सम्वन्धी आवश्यक सीप, साधन, श्रोत र सुरक्षा सम्वन्धी आवश्यक प्रबन्ध गर्ने।

(६) गाउँ सभाबाट तोकिएको मापदण्ड अनुसार खर्च गर्न स्विकृत गर्ने।

(७) जोखिममा रहेका हिंसा पिडीत महिला किशोरी र बालबालिकाहरु अन्य स्थानमा पठाउनु पर्ने आबश्यकता भएमा सिफारिस गर्ने।

(८) सुरक्षित आवास गृह संचालनमा संस्थाको सिफारिसमा व्याबस्थापन समितिको सहमतिमा बजेट र कार्यक्रमको परीधिभित्र रही करार सेवामा आवश्यक विज्ञ वा

कर्मचारी प्रचलित कानून बमोजिम ब्यवस्था गर्ने । तर कर्मचारी राख्नु परेमा निश्चित अवधीको लागी करार सेवामा राख्नु पर्ने छ ।

(९) सेफ हाउस संचालन व्याबस्थापनको लागि समितिले महिला तथा वालवालिकाको क्षेत्रमा कृयाशिल सेवा प्रदायक संस्था छनौट गर्नु पर्नेछ । संस्था छनौट गर्दा खरीद ऐन २०६३ र खरीद नियमावली २०६४ वमोजिमको प्रकृयाहरु पुरा गर्नु पर्नेछ ।

सम्बन्धित समितिको सिफारिसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(११) यो कार्यविधि बमोजिम गठित हुने समितिको पदाबधि ३ बर्षको हुनेछ । तर निर्वाचित जनप्रतिनिधिहरुको कार्य अवधी समाप्त भएको अवस्थामा रिक्त वडा अध्यक्ष र न्यायिक समितिको सदस्यको पदमा अर्को कार्यकालको लागि निर्वाचित पदहरुवाट मात्रै पूर्ति गरिनेछ ।

## परिच्छेद—३
## कोषको व्यवस्थापन तथा मापदण्ड

**५.कोषको व्याबस्थाः** हिंसा पिडीत महिला, किशोरी र बालबालिकाको सुरक्षाका लागि कोषको व्यवस्था निम्न अनुसार रहेको छ :

(१) हिंसा पिडीत महिला,किशोरी र बालबालिकाको सुरक्षाका लागि सुरक्षित आवासगृह संचालन गर्न गाउँकार्यपालिकाले एउटा छुटटै सुरक्षित आवासगृह संचालन कोष खडा गर्नु पर्नेछ ।

(२) दफा (१) वमोजिमको कोषमा निम्न वमोजिमको रकमहरु खारी खर्च गरिनेछ ।

(क) विभिन्न दाताहरुबाट प्राप्तहुने रकम ।

(ख) गाउँपालिकाको गाउँसभावाट उक्त शिर्षकमा विनियोजित रकम ।

(ग) संघीय सरकार,प्रदेश सरकार र गाउँपालिकाद्वार लैगिंक हिंसा न्यूनिकरण कोषको लागि विनियोजित रकम ।

(घ) अन्य स्थानीय तहहरुवाट हिंसा पिडीत महिला,किशोरी र बालबालिकाको सुरक्षाका लागि सुरक्षित आवासगृह राख्नको लागि द्विपक्षिय सम्झौता भए वमोजिमको रकम ।

(ङ) व्यक्तिगत वा संस्थागतरुपमा प्राप्त सहयोग रकम ।

(३) माथि उल्लेखित दफा (२) (ग) वमोजिमको रकम खर्च गर्दा लैगिंक हिंसा न्यूनिकरण कोष स्थापना तथा खर्च सम्वन्धी मापदण्ड २०७६ वमोजिम खर्च गर्नु पर्नेछ।

(४) लेखा सम्वन्धी सम्पूर्ण कारोवारहरु गाउँपालिको नियम अनुसार हुनेछ।

(५) यो कार्यविधि लागू हुनु अगाबै यो विषयसंग सम्वन्धित भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**६. न्यूनतम मापदण्ड :** हिंसा पिडीत महिला, किशोरी र बालबालिकाको सुरक्षाका लागि निम्नानुसारको न्यूनतम मापदण्ड हुनु पर्नेछ।

**(१) आवास गृह परिसर अन्तर्गत**

(क) चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबेराले घेरिएको।

(ख) हाताभित्र गृह अनुसारको खुल्ला ठाउँ रहेको।

(ग) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्धार भएको

(घ) सुरक्षाको दुष्टिकोणले उपयुक्त स्थान

**(२) आवास गृहमा रहने सुविधा**

(क) दुबैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरु

(ख) प्रत्येकका लागि छुट्टाछुट्टै खाट

(ग) प्रभावित बालबालिकाको लागि अलग्गै कोठा

(घ) मनोसामाजिक विमर्श (Psycho-Social Counseling) का लागि छुट्टै कक्ष

(ङ) मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष (Common room)

(च) शौचालय तथा स्नान कक्ष

(छ) साझा टेलिभिजन

(ज) पर्याप्त पानी

(झ) सुरक्षाका लागि आवश्यकता अनुसार पाले पहरा।

**(३) लुगाफाटो**

(क) तत्कालको लागि एक–एक जोर चप्पल।

(ख) आफैले उपलब्ध गराउन नसक्नेलाई एकसरो लगाउने कपडा।

**(४) खानेकुराः** दैनिक खानेकुराको व्यवस्था व्यवस्थापन समितिले तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्नेछ।

(क) विहान चिया सँगै हल्का खाजा

(ख) दिउँसो खाना

(ग) अपरान्ह पूर्ण खाजा सँगै चिया

(घ) बेलुकी खाना

(ङ) मांसाहारीका लागि सातामा एकपल्ट माछा मासु

(च) शाकाहारीहरुको हकमा दुध, दही, फलफुल

(छ) उमालेको वा अन्यथा शुद्धिकरण गरिएको खानेपानी

**(५) स्वास्थ्य उपचारः** गाउँ व्यवस्थापन समितिले तोकेको स्वास्थ्य संस्थामा प्रभावित महिलाको स्वास्थ्योपचार गराउनुपर्दछ। स्वास्थ्योपचार तर्फ निम्न व्यवस्था सुनिश्चित गर्नु पर्दछ।

(क) प्राथमिक उपचार बाकस

(ख) समस्या हेरी नियमित उपचार

(ग) आकस्मिक उपचार

(घ) बालबालिकाका हकमा उमेर अनुसार लगाउनु पर्ने खोप

**(६) मनोसामाजिक विमर्शः** व्यवस्थापन समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक (Counselor) बाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नु पर्दछ।

(क) संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा,

(ख) संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा,

(ग) सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था।

**(७) कानूनी सेवा :** देहायमा उल्लेखित कानूनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

(क) प्रभावित व्याक्तिले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा।
(ख) प्रभावित व्याक्तिले प्रचलित कानून बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा।

**(८) सञ्चालनः** आवास गृहको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ।
(क) प्रभावित व्याक्तिलाई ममतामय, सहानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहार गर्नु पर्नेछ।
(ख) प्रभावित महिलाको पहिचानको आबश्यकता अनुसार गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरितको कुनै पनि कार्य गर्न बाध्य पारिने छैन।
(ग) आवास गृहमा भेटघाट कक्ष भन्दा वाहेक अनुमति प्राप्त चिकित्सक, कर्मचारी, सफाईकर्मी वाहेक समितिले तोकेको अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही हुनेछ।
घ) सुरक्षित आवाश गृहको व्याबस्था सम्बन्धी जानकारी सूचना बोर्ड तयार गरी राख्नुपर्नेछ।

**(९) जनशक्ति :**
(क) आवासगृह व्यवस्थापक एकजना
(ख) महिला वार्डेन १ जना
(ग) मनोविर्मशकर्ता १ जना (केसको आधारमा वोलाइने).
(घ) सफाइकर्मी आबश्यकतानुसार
(ङ) आवश्यक्ता अनुसार सेवा प्रदायक संस्थाले प्रस्ताव गरी प्रस्तावमा स्वीकृत भए वमोजिम।

**(१०) अभिलेखः**
आवासगृहले देहायबमोजिम अभिलेख राख्नुपर्दछ।
(क) प्रभावित व्यक्तिको नाम दर्ता किताब।
(ख) संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब।
(ग) प्रभावित महिलाको व्यक्तिगत गोप्य फायल।
(घ) गाउँ व्यवस्थापन समितिको निर्णय किताब।

(ङ) दोहोरो लेखा प्रणालीमा आम्दानी खर्चको पारदर्शी लेखा तथा सो को पुष्टी गर्ने कागजात।
(च) स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवा पिच्छे लगत।
(छ) गाउँ व्यवस्थापन समितिले तोकेको अन्य अभिलेख।

**७.खर्च गर्ने आधारहरु :** सुरक्षित आवास गृह सञ्चालनको लागि विनियोजीत रकमको परिधिभित्र रहि घर भाडा, मालसामान, औषधोपचार, कानूनी उपचार, फिर्ता सम्प्रेषण, खानेकुरा, मनोसामाजिक विमर्श, संचार, यातायात, कर्मचारी पारीश्रमिक , कार्यालय सामग्री , लक्षित व्यक्तिको आवास व्याबस्था लगाएत अन्य भैपरी आउने खर्चहरु समेत गर्न सकिनेछ। उक्त रकम सेवा प्रदायक संस्थाको स्वीकृत प्रस्ताव र समितिको निर्णय अनुसार सम्झौता वमोजिम सेवा प्रदायक संस्थाको वैंक खातामा गाउँपालिकाले रकम उपलव्ध गराए वमोजिम खर्च हुनेछ ।

## परिच्छेद—४
## अनुदान व्यवस्था

**८. जीविकोपार्जन अनुदान :** (१) पिडित व्याक्तिलाइ जिविकोपार्जन अनुदानको लागि व्याबस्थापन समितिले अनुदान स्वरुप स्विकृत रकम उपलव्ध गराउने छ।
(२) अन्य जिल्ला वा गांउपालिका वा नगरपालिकाहरुबाट आएका हिंसापिडीत महिला,किशोरी र वालबालिकाको हकमा आबश्यक रकम सम्वन्धित स्थानीय तहबाट रकमको व्यवस्था भएको खण्डमा भुक्तानी लिने गरी अन्य स्थानका हिंसापिडीत महिला,किशोरी र वालबालिकाहरुलाई यस आवासगृहमा राख्न पनि सकिनेछ।

**९. हिंसा प्रभावितको पुर्नमिलन र सामाजिक पुर्नस्थापनाः** हिंसा प्रभावितको पुर्नमिलन र सामाजिक पुर्नस्थापनाको निम्ती उसका अभिभावक संग संस्थाका कर्मचारीले सम्पर्क गर्ने छन्। अभिभावक र निजका संरक्षकको प्रतिवद्धता लिई सके पछि निजलाई अभिभावक र गाउँका भद्र भलादमी वा समूहको रोहरवरमा घर फिर्ता गरिने छ। संस्थाले

बुझाएको कागज लिई सकेपछि उक्त कागज व्यक्तिगत फाईलमा राखी निजको व्यक्तिगत फाईल बन्द गर्नु पर्नेछ र फेरी पुनः अर्को पटक आएमा त्यसै फाईलबाट कारवाही अगाडी बढाईनेछ।

## परिच्छेद—५

## विविध

**१०.अन्य आवश्यक व्यवस्था :** सुरक्षित आवासगृहका अन्य आवश्यक ब्यवस्था देहाय बमोजिम रहनेछ।

(१)बालिका भएमा वाल वालिकासंग काम गर्ने विभिन्न संघ÷ संस्थासंघ समन्वय गरी वालिकाको लामो भविष्य सम्मको लागि उचित व्यवस्था गर्ने प्रयास गरीने छ।

(२)महिलाहरुको लागि सिप सिक्ने तालिमहरुको लागि अन्य सम्बन्धित संघ संस्थाहरुसंग सम्पर्क समन्वय राखि सिफारिस गरीने छ।

(३)आवासगृहमा बसेका पिडित÷प्रभावित लाई भेट्न आउने व्यक्तिले पिडितको स्वीकृति भएमा मात्र भेट्न दिनु पर्नेछ यसरी भेट्न आउने व्यक्तिले आवासगृहका कर्मचारीलाई पहिले नै जानकारी गराई अनुमति लिनु पर्नेछ।

(४)कार्यालय समय भित्र मात्र भेट्न पाईने छ।

(५)आवासगृहमा सरोकारवाला बाहेक अन्य व्यक्तिहरुलाई प्रवेश निषेध गरिने छ।

(६)केहि काम परि पिडित बाहिर जानु परेमा आवासगृहका कर्मचारीले लैजानु पर्नेछ।

(७) व्याबस्थापन समितिको निर्णय अनुसार अन्य व्याक्तिलाई प्रबेश गर्न दिइनेछ।

(८) आवासगृहमा बसेको व्यक्ति सम्बन्धित घट्नाको विषयमा निश्चीत फैसला नभए सम्म आवासगृह संचालन गर्ने संस्थाको निगरानीमा रहने छ। निगरानीमा रहुन्जेल सम्म घर जाने आउने वा वाहिर गई बस्ने र फेरी सुरक्षा केन्द्रमा फर्कने गर्न पाईने छैन। पिडित संग भएको पैसा, मोवाइल लगाएत अन्य सामानहरु संस्थाले सुरक्षित राख्ने छ।

(९) आवासगृहमा बस्नेहरुका लागि सामान्य पढ्न लेख्न मन भएकाहरु छन् भने उनिहरुका लागि आवश्यक सामाग्रीहरुको व्यवस्था गरिने छ।

(१०) पढेलेखेका महिलाहरुको लागि विभिन्न विषयसंग सम्बन्धित पुस्तक, लेख, रचना, दैनिक पत्रपत्रिकाहरु उपलब्ध गराउने छ।

(११) यो कार्यविधि प्रचलित नेपाल सरकारको कानुन संग बाझिन गएमा बाझिएको हद सम्म कार्यविधिमा लेखिएका कुराहरु अमान्य हुनेछन्।

**आज्ञाले,**

**याम वहादुर उपरकोटी**

**प्रमुख प्रशासकीय अधिकृत**